# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभागको

**एकीकृत परिपत्र-२०७६ को एकीकृत इ.प्रा. परिपत्रः १८/२०७६ को दफा १ को खण्ड (घ) को बुँदा नं. (१५) लाई संशोधन गरिएको सम्बन्धी सूचना ।**

यस बैंकबाट जारी गरिएको एकीकृत परिपत्र-२०७६ को एकीकृत इ.प्रा. परिपत्रः १८/२०७६ को दफा १ मा रहेको स्वदेशमा खोलिने विदेशी मुद्राको खाता र सञ्चालन सम्बन्धी व्यवस्था अन्तर्गतको खण्ड (घ) मा रहेको खाता खोल्ने तथा सञ्चालन गर्ने प्रक्रियाको बुँदा नं. (१५) लाई देहायबमोजिम संशोधन गरी इ.प्रा. परिपत्र संख्याः १५/२०७७-७८ जारी गरिएकोले यो सार्वजनिक सूचना प्रकाशन गरएको छ :

यस विभागबाट परिवर्त्य विदेशी मुद्रामा कारोबार गर्न इजाजत प्राप्त निकायको खाता त्यस्तो इजाजतपत्रको अवधि वहाल रहेसम्म मात्र सञ्चालन हुने गरी खोल्नु पर्नेछ । साथै, त्यस्तो इजाजतपत्रको अवधि समाप्त भएको ३० दिनसम्म पनि इजाजतपत्र नवीकरण भएको प्रमाण वा यस विभागको स्वीकृति पत्र पेश नगरेमा त्यस्ता खाता सञ्चालनमा पूर्ण रूपमा रोक लगाउनु पर्नेछ । विदेशीलाई सेवा बिक्री गरी विदेशबाट प्राप्त भएको रकम त्यस्ता खातामा जम्मा मात्र गर्ने गरी स्वीकार गर्न भने सकिनेछ ।

तर, कोभिड-१९ रोकथाम तथा न्यूनीकरणका लागि नेपाल सरकारबाट जारी भएको निषेधाज्ञा रहुन्जेलसम्म र निषेधाज्ञा औपचारिकरुपमा समाप्त भएको ३० दिनको अवधिसम्म इजाजतपत्रप्राप्त निकायको इजाजतपत्र नवीकरण नभएको अवस्थामा समेत यथास्थितिमा खाता सञ्चालन गराउन बाधा पर्ने छैन ।

उक्त परिपत्र सम्बन्धी विस्तृत विवरण यस बैंकको वेवसाइट www.nrb.org.np मा उपलब्ध रहेको छ ।

भवदीय,

रामु पौडेल

(कार्यकारी निर्देशक)

नेपाल राष्ट्र बैंकको वेवसाइट www.nrb.org.np मा सूचना प्रकाशन भएको मिति : २०७८/०२/०४ ।